पत्र संख्या:- ०८३/८४
सूचना नम्बर:- ९२

मिति: २०८३/०५/२६

## विविध कृषि कार्यक्रमहरूको लागि माग सङ्कलन तथा प्रस्ताव आव्हानको सूचना !!!

यस मायादेवी गाउँपालिका, रुपन्देहीको आर्थिक वर्ष ०८३/८४ को यसै सूचना सँग संलग्न गरिएको कृषि सम्बन्धी विविध वार्षिक स्वीकृत कार्यक्रमहरू अन्तर्गत अनुदान तथा सहयोग प्राप्त गर्न योग्य तथा इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/कृषकबाट माग सङ्कलन तथा दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। कार्यक्रम माग तथा प्रस्ताव पेस गर्नको लागि यो सूचना प्रकाशन भएको मितिले **२१** दिनभित्र तपसिलमा तोकिए बमोजिमको आवश्यक कागजातहरू संलग्न राखी सम्बन्धित **वडा कार्यालय** अथवा गाउँपालिकाको **कृषि विकास शाखामा** आवेदन पेस गर्नुहुन अनुरोध छ। साथै यहाँ सूचना भएबमोजिमका कार्यक्रमका लागि एउटै निवेदन पर्याप्त हुने र वडामा अथवा यस गाउँपालिकाको कृषि विकास शाखामा दोहोरो आवेदन दिनु आवश्यक नरहेको जानकारी गराइन्छ। यस सम्बन्धी थप जानकारीका लागि वेबसाइट mayadevimunrupandehi.gov.np, यस गाउँपालिकाको आधिकारिक फेसबुक पेज अथवा कृषि विकास शाखा तथा सम्बन्धित वडा कार्यालयमा सिधै सम्पर्क गर्न सकिनेछ।

### तपसिल

१. तोकिएको ढाँचा बमोजिमको निवेदन फारम (गत २ आर्थिक वर्षमा यस्तो प्रकृतिको अनुदान नलिएको तथा अनुदान प्राप्त भएमा दुरुपयोग नगर्ने स्वघोषणा सहितको) तथा निवेदकको विवरण फारम।
२. प्रस्तावना पत्र तथा व्यावसायिक योजना (सूचनामा उल्लेख भएकोमा मात्र)
३. लालपुर्जाको तथा नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि।
४. अरूको जग्गा अथवा सरकारी/सार्वजनिक जग्गामा खेती गरिरहेको/गर्ने भए करार/सम्झौता/अनुमति पत्र तथा सम्बन्धित वडाको सिफारिस।
५. फर्म/समूह/सहकारी मार्फत निवेदन दिने भए सो को निर्णय, दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, अडिट रिपोर्ट तथा सम्भावित लाभग्राही विवरण।

**नोट:- यसैसाथ संलग्न कार्यक्रमहरूको सूचना हाल प्रकाशन गरिएको भए तापनि कार्यक्रमहरूको कार्यान्वयन सम्बन्धित सिजन/मौसम तथा अनुकूल समयअनुसार गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।**

...........................
शशी ढुङ्गाना
**कृषि शाखा प्रमुख**
कृषि अर्थ विज्ञ

मिति: २०८३/०५/२६ गते माग संकलन तथा प्रस्ताव आव्हान सूचना प्रकाशन गरिएका कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम कोड संकेत | कार्यक्रम शिर्षक | कार्यक्रम प्रकार | उपलब्ध बजेट रु | माग गर्न सकिने | अनुदान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | क | कृषि यन्त्र वितरण अनुदान | वडास्तरीय (वडा ४) | १०००००० | कृषि तथा पशुपालनसँग सम्बन्धीत यन्त्र उपकरणहरु | ५० प्रतिशत | |
| २ | ख | कृषकहरुलाई ५० प्रतिशत अनुदानमा कृषि मोटर वितरण | वडास्तरीय (वडा ७) | ४००००० | कृषि मोटर | ५० प्रतिशत | |
| ३ | ग | ५०% अनुदानमा कृषि यन्त्र उपकरण तथा सामग्री वितरण | गा.पा. स्तर | ११००००० | कृषि तथा पशुपालनसँग सम्बन्धीत यन्त्र उपकरणहरु | ५० प्रतिशत | |
| ४ | घ | सिँचाईका लागि बोरिङ्ग, कृषि मोटर तथा डेलिवरी पाईप वितरण | प्रदेश शशर्त | १५००००० | बोरिङ्ग, कृषि मोटर तथा डेलिवरी पाईप | ५० प्रतिशत; सामुहिक सिंचाइ वोरिङ्ग निर्माण/सुधारको हकमा रु ३ लाख नबढ्ने गरी अधिकतम ८५ प्रतिशत सम्म। | |
| ५ | ङ | कृषि यान्त्रिकरण कार्यक्रम च्याफकटर, पावर टिलर, स्प्रे ट्याङ्की | प्रदेश शशर्त | १०००००० | च्याफकटर, पावर टिलर, स्प्रे ट्याङ्की, आदि | ५० प्रतिशत | |
| ६ | च | उत्पादन पछिको कृषि वस्तु मूल्य श्रङ्खला ( Value Chain) सम्बन्धीत उद्यमी प्रबर्धन कार्यक्रम | कृषि विकास शाखा | २००००० | कृषि उत्पादन भण्डारण, ग्रेडिङ्ग ,सर्टिङ्ग, प्याकेजिङ्ग, प्रशोधन, बजारीकरण ईत्यादि सँग सम्बन्धीत अनुदान तथा सहयोगहरु | ५० प्रतिशत; अधिकतम् अनुदान रु १ लाख मात्र। समुह/सहकारी को लागि अधिकतम् अनुदान रु २ लाख मात्र। | प्रस्तावना तथा business plan (व्यावसायिक योजना) पेश गर्नुपर्ने। |
| ७ | छ | च्याउखेती, मौरीपालन, पुष्पखेती तथा बगरखेती प्रबर्धन कार्यक्रम | कृषि विकास शाखा | २००००० | च्याउखेती, मौरीपालन, पुष्पखेती तथा बगरखेती सँग सम्बन्धीत तालिम, विउ, विरुवा, साना यन्त्र उपकरण, ईत्यादि।सामुहिक कार्यमा सिँचाई तथा अन्य यन्त्र उपकरण समेत उपलब्ध हुनसक्ने। | ५० प्रतिशत; | सामुहिक कार्यलाई बढी प्राथमिकता दिइने। यसको लागि प्रस्तावना पेश गर्नुपर्ने। |

कृषि अर्थ वि...

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | ज | अनुदानमा विउ तथा विरुवा वितरण कार्यक्रम (नगदेबाली, दलहन, तेलहन, फलफुल, मसलाबाली, फूल, ईत्यादि | कृषि विकास शाखा | ३००००० | नगदेबाली, दलहन, तेलहन, फलफुल, मसलाबाली, फूल, च्याउ, ईत्यादिको विउ तथा विरुवा | ५० प्रतिशत; | |
| ९ | झ | खाद्यान्नबाली प्रबर्धन कार्यक्रम | प्रदेश शशर्त | ५००००० | अन्नबाली (धान, गहुँ, मकै, कोदो, फापर आदिको विउ मा अनुदान ; न्यूनतम् ३०० कठ्ठाको क्लष्टरमा एकै जातको खेती गर्ने समुहलाई थप सिँचाई, यन्त्र उपकरण, भण्डारण, प्रशोधन तथा बजारीकरणसँग सम्बन्धीत सामग्रीहरु, इत्यादिमा अनुदान । | ५० प्रतिशत; | विउ मात्र बाहेक अन्य मागको लागि प्रस्तावना पेश गर्नुपर्ने । |
| १० | ञ | सिंचित क्षेत्रमा चैते धान प्रबर्धन कार्यक्रम | संघीय शशर्त | १०००००० | चैते धानको विउमा अनुदान; न्यूनतम् ५ कठ्ठा चैते धान खेती गर्ने कृषकलाई खेती क्षेत्रफलको आधारमा थप सिँचाई, गुमोज बनाउने प्लाष्टिक, यन्त्र उपकरण, भण्डारण, प्रशोधन तथा बजारीकरणसँग सम्बन्धीत सामग्रीहरु, इत्यादिमा अनुदान | ५० प्रतिशत; | विउ सँग थप अनुदान प्राप्त गर्नको लागि न्यूनतम् ५ कठ्ठा चैते धान खेती गर्नुपर्ने । |

कृषि अर्थ विज्ञ

# विविध कृषि कार्यक्रमहरूमा सहभागी हुनको लागि निवेदन ।

मितिः २०८३/ /

विषयः कार्यक्रममा सहभागी गराइदिनुहुन ।

श्री मायादेवी गाउँपालिकाको कार्यालय,
बरेवा, रुपन्देही ।

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयबाट मिति **२०८३/०५/२६** मा प्रकाशित **विविध कृषि कार्यक्रमहरूको लागि माग सङ्कलन तथा प्रस्ताव आव्हानको सूचना** अनुसारको तपसिल बमोजिमको कार्यक्रमहरूमा सहभागी हुन म/हाम्रो सहकारी/हाम्रो समूह इच्छुक रहेको र सो को लागि देहाय बमोजिमको सहयोग तथा अनुदान उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु ।साथै विगत २ आर्थिक वर्षमा यस्तो प्रकृतिको कुनै पनि अनुदान प्राप्त नगरेको र अनुदान प्राप्त गरेमा सोको कुनै पनि प्रकारको दुरुपयोग नगर्ने स्वघोषणा समेत गर्दछु ।

तपसिलः

| सहभागी हुन चाहेको कार्यक्रमहरू ( सूचना अनुसारको कोडहरू मात्र उल्लेख गर्ने) | माग गरेको सहयोग तथा अनुदान सामग्रीहरू | स्पेशिफिकेशन | कैफियत |
|---|---|---|---|
| | | | |

दस्तखत

औंठाछाप अथवा फर्म/समूह/सहकारीको छाप

निवेदक/प्रतिनिधिको नामथरः
फर्म/समूह/सहकारीको नामः
ठेगानाः
निवेदक/प्रतिनिधिको सम्पर्क नम्बरः

**निवेदनसाथ संलग्न कागजपत्रहरू (चिनो लगाउने)**

- निवेदकको विवरण फारम ।
- प्रस्तावना पत्र तथा व्यावसायिक योजना (सूचनामा उल्लेख भएकोमा मात्र आवश्यक) ।
- लालपुर्जाको तथा नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि ।
- अरूको जग्गा अथवा सरकारी/सार्वजनिक जग्गामा खेती गरिरहेको/गर्ने भए करार/सम्झौता/अनुमति पत्र तथा सम्बन्धित वडाको सिफारिस ।
- फर्म/समूह/सहकारी मार्फत निवेदन दिने भए सो को निर्णय, दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, अडिट रिपोर्ट तथा सम्भावित लाभग्राही विवरण ।
- अन्य ..................................

## निवेदकको विवरण फारम (व्यक्ति)

निवेदकको नागरिकता अनुसारको नामः बोलाउने/चिन्ने नामः

निवेदकको घर मुलीको नामः सम्पर्क नम्बर (अनिवार्य):

घरको ठेगानाः ................................., वडा नं ......, टोल....................., गाउँ ..................

खेतको ठेगानाः मायादेवी गाउँपालिका, वडा नं ......, टोल....................., गाउँ ..................

निवेदक अथवा एकाघरको परिवारले यस अघि गाउँपालिका बाट कुनै कृषि अनुदान ☐ नपाएको ☐ पाएको

..................................... (सामग्री र साल उल्लेख गर्ने)

निवेदक अथवा एकाघरको परिवारले यस अघि अन्य ठाउँ बाट अनुदान ☐ नपाएको ☐ पाएको

..................................... (सामग्री, साल र कहाँबाट पाएको उल्लेख गर्ने)

निवेदकको आफ्नो बैङ्क खाता(सामाजिक सुरक्षा खाता बाहेक) ☐ नभएको ☐ भएको

कृषकको खेतमा बिजुली (विशेष गरी मोटरमा अनुदानको लागि) ☐ नपुगेको ☐ पुगेको

जम्मा खेती गरिरहेको जग्गा ............कट्टा

जम्मा पशुपालन सङ्ख्या गाई........ भैंसी........ बाख्रा......... भेडा........ पन्छी.........

अनुदान माग सम्बन्धित कृषि कार्य (चिनो लगाउने छेउमा नियोजित खेती जग्गा वा परिमाण उल्लेख गर्ने)

- मसिना तथा वासनादार धान खेती (............कट्टा)
- चैते धान खेती (............कट्टा)
- अन्य अन्नबाली खेती ............... (............कट्टा)
- नगदे बाली खेती (............कट्टा)
- दलहन खेती (............कट्टा)
- तेलहन खेती (............कट्टा)
- च्याउ खेती (............डल्ला/वर्ग मिटर)
- मौरी पालन (............गोला)
- पुष्प खेती (............कट्टा)
- बगर खेती (............कट्टा)
- फलफूल खेती (............कट्टा)
- पशुपन्छी पालन (............ सङ्ख्या)
- कृषि सम्बन्धित अन्य व्यवसाय ..................

## निवेदकको विवरण फारम (फर्म/समूह/सहकारी)

फर्म/समूह/सहकारीको नामः प्रतिनिधिको नामः

संस्था अध्यक्षको नामः प्रतिनिधिको सम्पर्क नम्बर (अनिवार्य):

संस्थाको ठेगानाः ................................., वडा नं ......, टोल......................, गाउँ ..................

कृषि कार्य गरेको स्थानको ठेगानाः मायादेवी गाउँपालिका, वडा नं ......, टोल......................, गाउँ ..................

सम्भावित लाभग्राही घरधुरी सङ्ख्या ............. (*नोटः अघिल्लो २ आर्थिक वर्षमा उस्तै प्रकृतिको अन्य अनुदान नपाएका सदस्या/कृषकहरू मात्र सम्भावित लाभग्राही हुन सक्ने* )

फर्म/समूह/सहकारीको PAN/VAT number ....................................................

सम्भावित अनुदान ग्राही कृषकहरूको खेतमा बिजुली (मोटरमा अनुदानको लागि) ☐ नपुगेको ☐ पुगेको

फर्म/समूह/सहकारी अन्तर्गत जम्मा खेती गरिरहेको जग्गा ............कट्टा

फर्म/समूह/सहकारी अन्तर्गत जम्मा पशुपालन सङ्ख्या गाई........ भैंसी......... बाख्रा......... भेडा........ पन्छी.........

अनुदान माग सम्बन्धित कृषि कार्य (चिनो लगाउने र छेउमा नियोजित खेती जग्गा वा परिमाण उल्लेख गर्ने)

- मसिना तथा वासनादार धान खेती (............कट्टा)
- चैते धान खेती (............कट्टा)
- अन्य अन्नबाली खेती ............... (............कट्टा)
- नगदे बाली खेती (............कट्टा)
- दलहन खेती (............कट्टा)
- तेलहन खेती (............कट्टा)
- च्याउ खेती (............डल्ला/वर्ग मिटर)
- मौरी पालन (............गोला)
- पुष्प खेती (............कट्टा)
- बगर खेती (............कट्टा)
- फलफूल खेती (............कट्टा)
- पशुपन्छी पालन (............ सङ्ख्या)
- कृषि सम्बन्धित अन्य व्यवसाय ..................